# नागरिक पेन्सनमा सामेल हुन प्रक्रिया चाल्नु भएका महानुभावहरू समक्ष

तपाईंले दिनुभएको निवेदनलाई कुयाकु-स्यो (वडापालिका)ले प्रशोधन गरेपछि, जापान पेन्सन सङ्गठन (JPS)ले प्रक्रिया अघि बढाउँछ र,
**करिब 1 महिनापछि, जापान पेन्सन सङ्गठन (JPS)ले नागरिक पेन्सनको योग्यता प्राप्त गरेको महिना पश्चात्को शुल्क चुक्ता भौचर प्रेषण गर्नेछ।**

**खाम भित्र**

| महिनावारी भुक्तानीका निमित्तको | + | सन् 2027 मार्चसम्मको शुल्कको अग्रिम चुक्ताका निमित्तको | + | अक्टोबर मसान्तको चुक्ता म्यादसम्ममा भ्याउने अवस्थामा सन् 2026 अक्टोबरदेखि सन् 2027 मार्चसम्मको अग्रिम शुल्क चुक्ता गर्नका निमित्तको |
|---|---|---|---|---|

शुल्क चुक्ता भौचर हालेर पठाइने हुन्छ।

◆अग्रिम शुल्क चुक्ता गर्नुभयो भने छुट हुनेछ। विस्तृतमा पछाडिको पृष्ठ हेर्नुहोला।

◆माथि उल्लिखित बाहेक, **सन् 2028 मार्चसम्मको अग्रिम शुल्क समेत चुक्ता गर्न मिल्छ।** इच्छुक महानुभावले भन्नुहोला।

शुल्क चुक्ता भौचर आइपुगेपछि, नजिकैको वित्तीय संस्था (बैङ्क, पोस्ट अफिस आदि), कन्भिनियन्स स्टोर, इन्टरनेट ब्याङ्किङ (Pay-easy), स्मार्टफोनको App बाट चुक्ता म्याद भित्रमा चुक्ता गर्नुहोस्। आफ्नो खाताबाट स्वचालित रकमान्तरण, क्रेडिट कार्डबाट चुक्ता गर्न इच्छुक महानुभावले पछाडिको पृष्ठ हेर्नुहोला।

**आर्थिक वर्ष 2026 (सन् 2026 अप्रिल देखि सन् 2027 मार्च)सम्मको योगदान शुल्कको मासिक राशि**

☐ **योगदान शुल्कको फ्ल्याट-रेट 17,920 येन**

☐ **अतिरिक्त योगदान शुल्क 18,320 येन**

| | |
|---|---|
| **आर्थिक वर्ष 2024 को फ्ल्याट-रेट** | **16,980 येन** |
| **आर्थिक वर्ष 2025 को फ्ल्याट-रेट** | **17,510 येन** |
| **आर्थिक वर्ष 2027 को फ्ल्याट-रेट** | **18,290 येन** |

✸ सिद्धान्ततः चुक्ता म्याद आउँदो महिनाको मसान्त (वित्तीय संस्था बिदा हुने दिन परेमा, आउँदो कार्य सञ्चालन दिन)मा हुनेछ। शुल्क चुक्ता भौचरमा "प्रयोग म्याद"उल्लेख गरिएको हुनसक्छ, जुन् चुक्ता म्याद भन्दा फरक कुरा भएकोले ध्यान पुऱ्याउनुहोला।

✸ बितेका आर्थिक वर्षको हिस्साको योगदान शुल्कको हकमा, एकमुष्ठ सबै जोडेको शुल्क चुक्ता भौचर आइपुग्नेछ। मासिक रूपमा चुक्ता गर्न चाहनु हुन्छ भने, शुल्क चुक्ता भौचर आइपुगेपछि पेन्सन कार्यालयमा सम्पर्क गर्नुहोला।

## अतिरिक्त पेन्सन (अतिरिक्त योगदान शुल्क) बारेमा

***नागरिक पेन्सन कोषमा सामेल रहनुभएका महानुभावहरूले आवेदन दिन मिल्दैन।**
***iDeCo को किस्ता रकमको सीमामा प्रभाव पार्छ।**
विस्तृतमा आवेदन दिनुभएको वित्तीय संस्थामा सोधपुछ गर्नुहोस्।

✸ योगदान शुल्कको फ्ल्याट-रेटमा थपेर अतिरिक्त योगदान शुल्क (1 महिनामा 400 येन) चुक्ता गरेमा, वृद्धावस्था आधारभूत पेन्सन प्राप्त गर्ने बखतमा, हरेक वर्ष (200 येन) x (चुक्ता गरेको महिना सङ्ख्या) बराबरको राशि अतिरिक्त पेन्सनको रूपमा प्राप्त गर्न सकिने छ।
[जस्तै] चुक्ता कुल राशि 400 येन x100 महिना = 40,000 येन भएको अवस्थामा,
प्राप्त गर्ने राशि (वार्षिक राशि) 200 येन x100 महिना = 20,000 येन हरेक वर्षको वृद्धावस्था आधारभूत पेन्सन राशिमा थप हुनेछ।

✸ अतिरिक्त योगदान शुल्क चुक्ताको लागि निवेदन गर्नुभयो भने, निवेदन गरेको महिना उपरान्तको अतिरिक्त योगदान शुल्क समावेश भएको चुक्ता भौचर प्रेषण गरिने छ।

✸ अतिरिक्त योगदान शुल्क निवेदन दिएको महिनादेखि जोडेर हिसाब गरिने छ। बितिसकेको समयको लागि भने निवेदन दिन मिल्दैन।

✸ अतिरिक्त योगदान शुल्कबाट निक्लन निवेदन दिएमा, निवेदन दिएको महिना भन्दा अघिल्लो महिनाको योगदान शुल्कको फ्ल्याट-रेटमा परिवर्तन हुनेछ। तथापि, अतिरिक्त योगदान शुल्क अग्रिम भुक्तानी गरिरहेको अवस्थामा भने, पहिल्यै भुक्तानी सम्पन्न गरिसकेको अतिरिक्त योगदान शुल्क फिर्ता गरिने छैन, जुन भविष्यको पेन्सन राशिमा प्रतिबिम्बित हुनेछ।

## योगदान शुल्क भुक्तानी गर्न गाह्रो परेको बेलामा

*Kokumin Nenkin Kakari (नागरिक पेन्सन प्रभारी समक्ष) सोधपुछ गर्ने (पछाडिको पृष्ठ हेर्ने)

✸ बेरोजगारी या आर्थिक कारणहरूले गर्दा योगदान शुल्क चुक्ता गर्न गाह्रो परेका र राष्ट्रले निर्धारण गरेको आय मापदण्ड भित्र पर्ने महानुभावलाई भने, योगदान शुल्कको"पूर्ण राशि मिनाहा/आंशिक राशि मिनाहा (4 भागको 1 भाग, आधा, 4 भागको 3 भाग) प्रणाली"हरू छन्।

✸ विद्यार्थीहरूको लागि भने "विद्यार्थीहरूको लागि विशेष चुक्ता प्रणाली" रहेको छ।

✸ 50 वर्ष भन्दा कम उमेरका महानुभावलाई लक्षित गरेको "चुक्ता स्थगन प्रणाली" पनि रहेको छ।

यी प्रणालीहरू चाह राख्नु हुने महानुभावहरूले भिन्दै आवेदन दिनुहोला।

*अतिरिक्त पेन्सनमा सामेल रहेका महानुभावप्रति मिनाहा आदि स्वीकृत भएमा अतिरिक्त पेन्सनबाट निक्लेको हुनेछ।

*मिनाहा आदि स्वीकृत भएको अवधिको हकमा, वृद्धावस्था आधारभूत पेन्सन राशि घटेर आउने छ।

**पछाडिको पृष्ठ पनि हेर्नुहोला।**

## आफ्नो खाताबाट स्वचालित रकमान्तरण गरेर वा क्रेडिट कार्डबाट चुक्ता गर्ने बारेमा

- आफ्नो खाताबाट स्वचालित रकमान्तरण गराउने प्रक्रियाको लागि, **बचत पासबुक, खाता खोल्दा दर्ता गरेको छाप, आधारभूत पेन्सन नम्बर उल्लेख गरिएको कागजात (पेन्सन पुस्तिका, आधारभूत पेन्सन नम्बर सूचनापत्र आदि) लिएर**, वित्तीय संस्था वा पेन्सन कार्यालयमा गई प्रक्रिया अपनाउनुहोस्।
  शुल्क चुक्ता भौचर पठाउँदा खाममा हालेर पठाएको, खाताबाट स्वचालित रकमान्तरण गर्ने निवेदन फारामलाई पेन्सन कार्यालयमा पठाएर पनि प्रक्रिया अपनाउन मिल्छ। कागजी प्रक्रियाको अलावा, Mynaportal मार्फत "NenkinNet"बाट समेत प्रक्रिया अपनाउन सकिन्छ।
- क्रेडिट कार्डबाट चुक्ता गर्न इच्छुक महानुभावले, पेन्सन कार्यालयमा सोधपुछ गर्नुहोला।
- **प्रक्रियाको लागि लगभग 2 महिना लाग्छ।** स्वचालित रकमान्तरण/ चुक्ता सुरुवात हुनुभन्दा लगभग 1 हप्ता अगाडि पेन्सन कार्यालयबाट सूचना आइपुग्ने छ।

## अग्रिम शुल्क चुक्ता (अग्रिम भुक्तानी)बाट प्राप्त छुट राशि (योगदान शुल्कको फ्ल्याट-रेट भएमा)

*आर्थिक वर्ष 2027 को फ्ल्याट-रेट मासिक योगदान शुल्क 18,290 येन

| चुक्ता विधि | शुल्क चुक्ता भौचर/ क्रेडिट कार्ड | | आफ्नो खाताबाट स्वचालित रकमान्तरण | | चुक्ता म्याद/ स्वचालित रकमान्तर मिति |
|---|---|---|---|---|---|
| | चुक्ता राशि | छुट राशि | चुक्ता राशि | छुट राशि | |
| 2 वर्ष अगाडि चुक्ता | 4,18,510 येन | 16,010 येन | 4,17,150 येन | 17,370 येन | अप्रिल मसान्त |
| 1 वर्ष अगाडि चुक्ता | 2,11,220 येन | 3,820 येन | 2,10,530 येन | 4,510 येन | अप्रिल मसान्त |
| 6 महिना वर्ष अगाडि चुक्ता | 1,06,650 येन/ पटक | 870 येन/ पटक | 1,06,300 येन/ पटक | 1,220 येन/ पटक | अप्रिल मसान्त/ अक्टोबर मसान्त |
| सोही महिनामा चुक्ता (चाँडो चुक्ता छुट) | | | 17,860 येन/ पटक | 60 येन/ पटक | सोही महिनाको मसान्त |
| खास चुक्ता म्याद (आउँदो महिना) | 17,920 येन/ पटक | 0 येन/ पटक | 17,920 येन/ पटक | 0 येन/ पटक | सोही महिना भन्दा आउँदो महिनाको मसान्त |

- आर्थिक वर्षको सुरुवात (अप्रिलको हिस्सा)देखि आफ्नो खाताबाट स्वचालित रकमान्तरण/ क्रेडिट कार्डबाट अग्रिम शुल्क चुक्ता गर्ने भएमा, सोही वर्षको फेब्रुअरीसम्ममा निवेदन फाराम पेस गर्नुपर्छ।
- माथि उल्लिखित बाहेक पनि आर्थिक वर्षको बिचदेखि आर्थिक वर्षको अन्त्य (सन् 2027 मार्चको हिस्सा) सम्म, अथवा आउँदो आर्थिक वर्षको अन्त्य (सन् 2028 मार्चको हिस्सा) सम्मको अग्रिम शुल्क चुक्ता छुट पनि रहेको छ।
- आउँदो आर्थिक वर्षको अन्त्य (सन् 2027 मार्चको हिस्सा) सम्मको अग्रिम शुल्क चुक्ता भौचर भने, नियमित प्रेषण गरिने शुल्क चुक्ता भौचरसँगै पठाइने हुँदैन। इच्छुक महानुभावहरूले सामेल हुन प्रक्रिया गर्दाकै समयमा काउन्टरमा निवेदन गर्नुहोला।
- सामेल हुने प्रक्रिया पछिको अग्रिम शुल्क चुक्ता गर्ने भौचर चाहनुहुन्छ भने, पेन्सन कार्यालयमा सोधपुछ गर्नुहोस्।
- अग्रिम शुल्क चुक्ता गरेपछि कर्मचारी पेन्सनमा सामेल हुनु भयो भने, बढी तिरेको योगदान शुल्क आगामी दिनमा फिर्ता गरिने छ।

## पहिलो पटक पेन्सन प्रणालीमा सामेल हुने महानुभावहरू समक्ष

जतन गरेर राख्नुहुन अनुरोध गर्दछौँ

निवेदन दिएपछि जापान पेन्सन सङ्गठन (JPS)ले **आधारभूत पेन्सन नम्बर सूचनापत्र** र **शुल्क चुक्ता भौचर** (नागरिक पेन्सनमा सामेल भएको महिना उपरान्तको) प्रेषण गर्नेछ। आधारभूत पेन्सन नम्बर बनाउनु पर्ने भएकोले, आइपुग्दा सम्ममा 2 महिना जति लाग्नेछ।

## पेन्सन प्राप्त गर्नको लागि भने

नागरिक पेन्सनमा, सिद्धान्ततः 20 वर्ष देखि 60 वर्षको उमेर हुँदासम्म गरेर 40 वर्षको अवधि सामेल हुनैपर्ने हुन्छ।
वृद्धावस्था आधारभूत पेन्सन, 10 वर्ष (120 महिना) वा सो भन्दा बढी लाभ प्राप्य योग्यता अवधि (*)पुरा गरेका महानुभावहरूलाई, सिद्धान्ततः 65 वर्षको उमेरदेखि भुक्तानी गरिने छ। साथै, अपाङ्गता आधारभूत पेन्सन प्राप्त गर्नका लागि, पहिलो पटक जँचाएको दिन आदिको अघिल्लो दिन सम्ममा कुनै निश्चित चुक्ता सम्बन्धी आवश्यक सर्त पुरा गर्नुपर्ने हुन्छ।
*लाभ प्राप्य योग्यता अवधिमा, नागरिक पेन्सन योगदान शुल्क चुक्ता सम्पन्न अवधि, उही प्रकारका मिनाहा आदि प्राप्त गरेको अवधि, कर्मचारी पेन्सन (म्युचुअल एड एशोसिएसन)मा सामेल रहेको अवधि, नागरिक पेन्सन नं. 3 को पेन्सन प्रणालीमा आवद्ध व्यक्ति रहेको अवधि, खारा किखान् अर्थात् खाली अवधि (योग्यता अवधिमा नजोडिने अवधि)समावेस हुन्छ। खाली अवधि भित्र विभिन्न आवश्यक सर्तहरू रहेका हुनाले, विस्तृतमा पेन्सन कार्यालयमा सोधपुछ गर्नुहोस्।

## स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम (दात्ताइ इचिजि-किन)

*विदेशी नागरिकलाई मात्र लक्षित गरिएको प्रणाली हो

विदेशी नागरिकले जापानमा ठेगाना निर्धारण गरेको अवस्थामा, 20 वर्ष देखि 60 वर्षको उमेर बिचमा सिद्धान्ततः नागरिक पेन्सन नं. 1 मा सामेल रहनुपर्ने हुन्छ (कर्मचारी पेन्सनमा सामेल व्यक्ति, नं. 3 पेन्सन प्रणालीमा आवद्ध व्यक्ति बाहेक)। त्यस पश्चात्, नागरिक पेन्सनको योगदान शुल्क 6 महिना वा सो भन्दा बढी चुक्ता गरेको विदेशीले, कुनै पेन्सन पनि प्राप्त नगरीकन जापन छोडेको (जापान बाहिर बसाइँ सर्ने प्रक्रिया अपनाएको) बखतमा, स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम (दात्ताइ इचिजि-किन) मागदाबी गर्न सक्नेछ। जापानमा ठेगाना नरहेको दिनदेखि 2 वर्ष नाघ्यो भने मागदाबी गर्न मिल्दैन। प्राप्त गर्ने आवश्यक सर्तहरू बारेमा, विस्तृतमा पेन्सन कार्यालयमा सोधपुछ गर्नुहोस्।

## सोधपुछ जानकारी

यस पटकको प्रक्रिया, अतिरिक्त योगदान शुल्कको आवेदन, मिनाहा आदिको आवेदन बारेमा

**Setagaya-Ku, Kokuho Nenkin-ka Kokumin Nenkin Kakari TEL.03-5432-2356 (डाइरेक्ट लाइन)**
**(सेतागाया सिटी अफिस, नागरिक स्वास्थ्य बिमा तथा पेन्सन विभाग, नागरिक पेन्सन प्रभारी)**

चुक्ता गर्ने (शुल्क चुक्ता भौचर प्रेषण, आफ्नो खाताबाट स्वचालित रकमान्तरण आदि), पेन्सन रेकर्ड चेक, स्वदेश फिर्ती हुँदाको एकमुष्ट रकम बारेमा

**जापान पेन्सन सङ्गठन (JPS) सेतागाया पेन्सन कार्यालय TEL.03-6844-3871 (मुख्य लाइन)**

जापान पेन्सन सङ्गठन (JPS) वेबसाइट **https://www.nenkin.go.jp/** पेन्सन सर्च गर्ने